"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"

# बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बागचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

**सङ्घीय शिक्षण सहयोग अनुदानमा शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तीका लागि ७ दिने विज्ञापन तथा सूचना !!!**

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०८।२८ गते आइतबार)**

बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ (संशोधन सहित) को परिच्छेद-४ को दफा २२ को उपदफा (२) तथा उपदफा (३), स्थानीय शिक्षा नियमावली २०८०(संशोधन सहित) को परिच्छेद १० को नियम ५६ बमोजिम नगर शिक्षा समितिको मिति २०८२/०८/१४ गतेको निर्णय अनुसार पहिलो पटक विज्ञापन गर्दा पदपूर्ती हुन् नसकेको देहायको तह तथा विषयमा सङ्घीय शिक्षण सहयोग अनुदानमा पुन: दोस्रो पटक शिक्षक पदपूर्ति गर्न सङ्घीय शिक्षण सहयोग अनुदान छनौट तथा व्यवस्थापन कार्यविधि-२०८२ को परिच्छेद ३ बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा उम्मेदवारहरुको छनोट गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नगरपालिकाको वेबसाइट https://www.bagchaurmun.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भेरेर यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

..........................
हरि बहादुर कठायत
नि.प्रमुख प्रशासकीय अधिकृत

हरि बहादुर कठायत
नि.प्रमुख प्रशासकीय अधिकृत

१. पदुपूर्ति हुने शिक्षक पदको विज्ञापन नं., पद संख्या, तह, विषय

| क्र.सं. | विज्ञापन नं. | पद संख्या | तह | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०९।२०८२-०८३ | १ | माध्यमिक | विज्ञान | |

२. **पारिश्रमिक तथा अन्य सुविधा :** पदपूर्ति समितिबाट सिफारिस भई विद्यालयबाट करार सम्झौंता भएका शिक्षकलाई सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको पारिश्रमिक तथा अन्य सुविधा नियमानुसार प्रदान गरिनेछ।

३. **काम गर्नु पर्ने विद्यालय:** सिफारिसमा उल्लेख भए पछि प्राथमिकताका आधारमा कार्यालयले खटाए बमोजिम हुनेछ।

४. **परीक्षाको पाठ्यक्रम र किसिम :**
शिक्षक सेवा आयोगले निर्धारण गरेर https://tsc.gov.np मा प्रकाशन गरिएको सम्बन्धित तह र विषयको पाठ्यक्रमका आधारमा देहायको परीक्षा तथा अन्तर्वार्ता हुनेछ।
(क) लिखित परीक्षा (सामान्य परीक्षा: प्रथम पत्र र बिषयगत परीक्षा: दोस्रो पत्र) (ख) अन्तर्वार्ता

५. **परीक्षा सञ्चालन विधि:**
(क) पहिलो चरणमा सम्बन्धित तहको सामान्य विषयको वस्तुगत लिखित परीक्षा सञ्चालन हुनेछ।
(ख) सामान्य विषयको लिखित वस्तुगत परीक्षामा सफल भएका उम्मेदवार बीच विषयगत पाठ्यक्रमका आधारमा विषयगत लिखित सञ्चालन हुनेछ। साथै दोस्रो चरणको विषयगत लिखित परीक्षाबाट समेत छनोट भएका उम्मेदवारहरुको अन्तर्वार्ता परीक्षा हुनेछ।
(ग) परीक्षा संचालन सम्बन्धी अन्य बिधि तथा प्रकिया शिक्षक सेवा आयोग जस्तै हुनेछ।

६. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** पछी प्रकाशित गरिनेछ।

७. **दरखास्त दस्तुर:** देहायको दस्तुर देहायको लिंकमा गइ https://sutrarevenue.fcgo.gov.np (राजश्व शीर्षक न.१४२२४ मा Connect IPS मार्फत जम्मा गर्ने वा नगरपालिकाको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद तथा बैंक भौचर दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ।
(क) रु. १०००।– (एक हजार मात्र)

८. **दरखास्त दिने अन्तिम मिति, समय र स्थान :**
(क) मिति २०८२ मङ्सिर २८ गतेदेखि २०८२ पुस ०५ गते कार्यालय समयभित्र। (नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा )

088-412035 ito.bagchaurmun@gmail.com bagchaurmun.gov.np

९. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक।

(ख) १८ वर्ष उमेर पुरा भइ ४० वर्ष उमेर ननाघेको तर यदि कुनै शिक्षक सम्वन्धित तह भन्दा तल्लो तहमा स्थायी नियुक्ति पाई निरन्तर कार्यरत रहेको भए सो शिक्षकको हकमा उमेर हद लाग्ने छैन।

(ग) मगज नविग्रेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको।

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवावाट बरखास्त नभएको।

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरि सम्वन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

(ज) कुनै पनि राजनितिक दलको सदस्य नरहेको।

१०. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु :**

(क) नगरपालिकाले तयार पारेको दरखास्त फाराममा फोटो सहित तोकिएको सवै विवरण भरेको फारम

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ग) सम्वन्धित तहका लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(घ) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

(ङ) शिक्षण अनुभव तथा तालिम सम्वन्धी कागजात भए सो को प्रमाणित प्रतिलिपी

(च) बैंक वा राजश्व शाखामा राजश्व जम्मा गरेको भौचर तथा रसिदको सक्कल प्रति

११. **थप जानकारी :**

थप जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको educationsectionbagchaur2073@gmail.com मा मेल वा कार्यालयको फोन न. ०८८-४१२०३५ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

**वोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा : प्रकाशित सूचना र दरखास्त फारम वेवसाइडमा अपलोड गरिदिनु हुन् अनुरोध।

श्री वडा कार्यालयहरु सबै ( १२ वटै) : वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन् अनुरोध।

श्री सामाजिक विकास तथा जिन्सी शाखा : सुचना तथा विज्ञापनलाई स्थानीय पत्रिकामा प्रकाशनका लागि पठाइदिनु हुन् अनुरोध।

श्री शिक्षा विकास तथा समन्वय इकाई, सल्यान : (जानकारीका लागि अनुरोध सहित इकाईको सुचना पाटीमा टास गरिदिनु हुन्)

हरि बहादुर कठायत
नि.प्रमुख प्रशासकीय अधिकृत